सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

# चौतारा साँगाचोकगढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### चौतारा, सिन्धुपाल्चोक

नियम ३ बमोजिम २०७९ श्रावण देखि पौष मसान्त सम्मको

## स्वतः प्रकाशन तथा सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण



### आर्थिक वर्ष २०७९/०८०

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको**

**मिति २०७९ श्रावण देखि पौष मसान्तसम्म**

## १. कार्यालयको स्वरुप र प्रकृति

चौतारा साँगाचोकगढी नगरपालिका नेपालको संविधान बमोजिम मुलुक संघीय संरचनामा गएपछि वि.सं. २०७३ सालमा स्थापना भएको हो । यस पालिकामा १ नगर प्रमुख, १ नगर उपप्रमुख तथा १४ वटाहरुमा हरेक वडामा १ जना वडा अध्यक्ष, १ जना महिला सदस्य, १ जना दलित सदस्य सहित ५ जनाको समिति रहने व्यवस्था रहेको छ । समावेशी प्रतिनिधित्व हुने गरी ७५ जनाको नगर सभा सदस्य रहने व्यवस्था छ भने नगर प्रमुखको अध्यक्षतामा २५ जना कार्यपालिका सदस्य रहने व्यवस्था रहेको छ । नेपालको संविधानको भाग १७, १८, २० तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सरकारका तीनैवट अंगहरु व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिका समेतको परिकल्पना गरे अनुरुप यस नगरपालिकामा पनि ती सबै अंगहरुको व्यवस्था गरिएको छ । यस क्षेत्रका स्थानीय बासिन्दाहरुको आकाङ्क्षा र भावना अनुरुप गतिशिल समाजको निर्माण गरी आर्थिक समुन्नतको बाटोमा अग्रसर हुनको लागि यस नगरपालिका लागि रहेको छ । नगरक्षेत्रभित्र नियमित प्रशासनिक, आकस्मिक तथा विकासका कार्य गरी दीगो शान्ति, विकास, सुशासन कायम गरी समृद्धीको मार्ग तर्फ उन्मुख भइरहेको छ । नेपालको संविधान अनुरुप स्थापना भएको हुँदा राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व समेतलाई आत्मसात गरी कार्य गर्दै आइरहेको छ ।

क. **लक्ष्य**

"व्यवसायिक कृषि, रोजगारीमूलक पर्यटन, स्थानीय श्रोत साधनमा आधारित उद्योग र वातावरण मैत्री पूर्वाधारको विकास गरी समृद्ध नगर बनाउने" भन्ने पाँच बर्षे लक्ष्यमा यस चौतारा साँगाचोकगढी नगरपालिका केन्द्रित हुनेछ ।

ख. **दीर्घकालिन सोच**

"चौतारा साँगाचोकगढीको सम्बृद्धिको आधार-शिक्षा, कृषि, पर्यटन र पूर्वाधार" भन्ने नाराका साथ दीर्घकालिन सोच बनाई यस नगरपालिकाको नीति, कार्यक्रम तथा योजनाहरु लक्षित हुनेछ ।

## १. कार्यालयको काम, कर्तव्य र अधिकार

(१) स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ बमोजिम यस नगरपालिकाको एकल काम, कर्तव्य र अधिकार देहाए बमोजिम रहको छ ।

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ बमोजिम यस नगरपालिकाको काम, कर्तब्य र अधिकार देहाय बमोजिम रहेको छः-**

- नगर प्रहरीको गठन, संचालन, ब्यवस्थापन, नियमन तथा प्रहरी सम्बन्धी नीती, कानुन र मापदण्डको निर्माण तथा कार्वान्वयन गर्ने ।

- सहकारी संस्था सम्बन्धी स्थानीय नीती, कानुन, मापदण्डको निर्माण, कार्वान्वयन, नियमन, दर्ता, अनुमति, खारेजी, विघटन, संघ प्रदेशसँग समन्वय, तथ्यांक ब्यवस्थापन र क्षमता अभिबृद्धि गर्ने ।
- एफ.एम. सञ्चालन अनुमति, नविकरण, नियमन र खारेजी गर्ने ।
- स्थानीय कर, सेवा, शुल्क तथा दस्तुर निर्धारण, संकलन ब्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड कार्वान्वयन तथा नियमन गर्ने ।
- स्थानीय सेवाको ब्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त योजना, कार्वान्वयन र नियमन जनशक्ति ब्यवस्थापन र वृद्धिविकास गर्ने ।
- स्थानीय तथ्यांक र अभिलेख संकलन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने
- स्थानीयस्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन,अनुगमन, मूल्यांकन र नियमन गर्ने,
- आधुभूत र माध्यमिक शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने,
- आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने,
- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने,
- स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक र सिँचाइ सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा कार्यान्वयन, अनुगमन र नियमन गर्ने,
- नगरसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी नीति कानून र कार्यविधि, रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति, सभाका समितिहरु गठन तथा सञ्चालन गर्ने,
- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, अनुगमन र नियमन गर्ने,
- स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी, दाखिला खारेज, भूमि वर्गीकरण अनुसारको लगत, समन्वय सहजीकरण तथा जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी कार्य गर्ने,
- ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरको व्यवस्थापन गर्ने,
- वेरोजगारको तथ्यांक संकलन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण गर्ने,
- खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने,
- विपद व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन, र नियमन गर्ने,
- पूर्वाधार, वन्यजन्तु संरक्षण सम्बन्धी नीति, कानून, मापदण्ड,
- योजना, कार्यान्वयन र नियमन गर्ने,
- **भाषा, संस्कृति र ललितकलाको संरक्षण सम्बन्धी नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने,**

(२) चौतारा साँगाचोकगढी नगरपालिकाले संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची–९ मा उल्लेख भए बमोजिम हुनेछ । सो अनुरुप सर्वसामान्यतामा

प्रतिकूल असर नपर्ने गरी देहायको विषयमा संघ तथा प्रदेश सरकारको कानूनको अधिनमा रहने गरी तोकिएका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

**क. खेलकुद र पत्रपत्रिका**

(१) स्थानीय स्तरका खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,

(२) स्थानीय स्तरका खेलकुद प्रशासन तथा संघ संस्थाको नियमन र समन्वय,

(३) खेलकुदको विकास र प्रवर्द्धन ।

(४) खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,

(५) खेलकुद सम्बन्धी पूर्वाधारको विकास,

(६) स्थानीय तहका पत्रपत्रिकाको दर्ता, अभिलेख तथा नियमन ।

**ख. स्वास्थ्य**

(१) संघीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,

(२) जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,

(३) स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,

(४) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,

(५) स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन,

(६) स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण,

(७) स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण,

(८) स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,

(९) स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स),

(१०) स्थानीयस्तरको प्रवद्र्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनस्र्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन,

(११) स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन,

(१२) जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,

(१३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,

(१४) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,

(१५) जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,

(१६) रोगको नियन्त्रण तथा रोकथाम,

(१७) आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन ।

**ग. विद्युत, खानेपानी तथा सिँचाइ जस्ता सेवाहरू**

(१) विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन,

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन,

(३) स्थानीय साना सतह तथा भूमिगत सिँचाइ प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निर्धारण र सकंलन सम्बन्धी व्यवस्थापन ।

**घ. सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क**

(१) स्थानीय सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(२) प्राकृतिक स्रोत साधन र सेवा शुल्क, रोयल्टी सङ्कलन, समन्वय र नियमन,

(३) खनिज पदार्थको उत्खनन् र सो सम्बन्धी रोयल्टी सकंलन,

(४) सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सकंलन,

(५) पानीघट्ट, कुलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सकंलन ।

**ङ. वन, जगंल, वन्यजन्तु, चराचुरुगीं, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता**

(१) वन, ज·ल, वन्यजन्तु, चराचुरुगीं, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती र साझेदारी वनको संरक्षण, सम्प्रवर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन,

(३) मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन,

(४) स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,

(५) स्थानीयस्तरमा निजी वनको प्रवर्द्धन, अनुगमन र नियमन,

(६) स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,

(७) स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण, उत्पादन, सकंलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन,

(८) वनबीउ बगैचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन,

(९) नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन,

(१०) वन्यजन्तु र चराचुरुगींको संरक्षण, व्यावसायिक पालन, उपयोग र अनुगमन,

(११) मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन,

(१२) स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन,

(१३) स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन,

(१४) स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन,

(१५) स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरुगींको अभिलेखाकंन र अध्ययन अनुसन्धान,

(१६) विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत,

(१७) मिचाहा प्रजातिको नियन्त्रण,

(१८) स्थानीयस्तरको जोखिम न्यूनीकरण,

(१९) जैविक विविधताको अभिलेखाकंन,

(२०) स्थानीयस्तरमा हरियाली प्रवर्द्धन,

(२१) स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत अयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र अनुगमन,

(२२) रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन,

(२३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,

(२४) स्थानीयस्तरमा प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन,

(२५) स्थानीयस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन,

(२६) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन ।

**च. सामाजिक सुरक्षा र गरिबी निवारण**

(१) सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान,

(२) लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन,

(३) सामाजिक सुरक्षाको कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,

(४) सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याकं र सूचना व्यवस्थापन,

(५) गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन,

(६) स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन ।

**छ. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याकं**

(१) व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,

(२) व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र

नियमन,

(३) व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन ।

**ज. स्थानीयस्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्प्रवर्द्धन र पुनः निर्माण ।**

**झ. सुकुम्बासी व्यवस्थापन**

(१) सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन,

(२) सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन ।

**ञ. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी**

(१) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन,

(२) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको सकंलन तथा बाँडफाँट ।

**ट. सवारी साधन अनुमति**

(१) यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन,

(३) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेद्य, अपागंता र लैंगिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन ।

(३) माथि उल्लिखित अधिकारका अतिरिक्त नगरपालिकाको थप काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

**क. भूमि व्यवस्थापन**

(१) संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीयस्तरको भू–उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन,

(२) संघीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन,

(३) स्थानीयस्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन ।

**ख. सञ्चार सेवा**

(१) संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन,

(२) स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास र प्रवर्द्धन गर्ने ।

**ग. यातायात सेवा**

(१) स्थानीय बस, ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्राञ्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र शहरी रेल सेवाको सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, साझेदारी र सहकार्य।

(६) संघ वा प्रदेशले संविधान तथा प्रचलित कानून बमोजिम आफ्नो अधिकारक्षेत्रभित्रको कुनै विषय नगरपालिकालाई कानून बनाई निक्षेपण गर्न सक्नेछ ।

(७) नगरपालिकाले काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(८) स्थानीय तहले प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पूर्व स्वीकृति लिई विदेशका कुनै स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम गर्न सक्नेछ ।

**घ. संघ, संस्था दर्ता तथा नवीकरण**

(१) संघ, संस्था परिचालन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) स्थानीय स्तरका संघ, संस्थाको दर्ता तथा नवीकरण।

**(३) वडा समितिको काम, कर्तव्य र अधिकारः** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १२ बमोजिम यस नगरपालिका भित्रका वडा समितिको काम, कर्तव्य र अधिकार तोक्दा कम्तीमा देहाय बमोजिम तोकिएको छ :–

**क. वडाभित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन**

(१) सहभगितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने,

(२) टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने,

(३) वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने,

**ख. तथ्याङ्क अद्यावधिक तथा संरक्षण**

(१) निजी घर तथा घर परिवारको लगत राख्ने,

(२) ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,

(३) खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा सांस्कृतिकस्थल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुंगेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याकं सकंलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याकं र सूचना सहितको वडाको पाश्र्वचित्र तयार तथा अद्यावधिक गर्ने,

**ग. विकास कार्य**

(१) बाल उद्यानको व्यवस्था गर्ने,

(२) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,

(३) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,

(४) वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने,

(५) खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,

(६) पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने,

(७) वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,

(८) शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने,

(९) सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको निर्माण र व्यवस्थापन गर्ने, गराउने,

(१०) वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,

(११) घरबाट निकास हुने फोहरमैलाको सकंलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने,

(१२) कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवर्द्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने,

(१३) कृषि बीउ विजन, मल तथा औषधिको माग सकंलन गर्ने,

(१४) कृषिमा लाग्ने रोगहरूको विवरण सकंलन गर्ने,

(१५) पशुपक्षी विकास तथा छाडा चौपायाको व्यवस्थापन,

(१६) वडाभित्रको चरनक्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने,

(१७) स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने,

(१८) स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने,

(१९) वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,

(२०) अन्तरविद्यालय तथा क्लव मार्फत खेलकुद कार्यक्रमको सञ्चालन गर्ने गराउने,

(२१) वडा क्षेत्रभित्रको बाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,

(२२) वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,

(२३) बाटोघाटोमा बाढी, पहिरो, हुरी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न अवरोध पन्छाउने,

(२४) घरेलु उद्योगको लगत सकंलन तथा सम्भाव्यता पहिचान गर्ने,

(२५) वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने,

(२६) प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख सकंलन तथा संरक्षण गर्ने,

(२७) व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,

(२८) सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,

(२९) वडालाई बालमैत्री बनाउने,

(३०) वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपागंता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने,

(३१) विभिन्न समुदायबिच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने,

(३२) बालविवाह, बहुविवाह, लैंगिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,

(३३) प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सकंलन गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकामा प्रतिवेदन सहित रकम बुझाउने,

(३४) अशक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुर्‍याई औषधोपचार गराउने,

(३५) असहाय वा बेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,

(३६) सडक बालबालिकाको उद्धार र पुनस्र्थापनाको लागि लगत सकंलन गर्ने,

(३७) वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,

(३८) वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने, गराउने,

(३९) वडालाई वातावरणमैत्री बनाउने,

(४०) प्रागांरिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई,

वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवद्र्धनात्मक कार्यहरू गर्ने, गराउने,

(४१) वडाभित्र घरबास पर्यटन (होम स्टे) कार्यक्रम प्रवर्द्धन गर्ने ।

**घ. नियमन कार्य**

(१) वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको अनुगमन तथा नियमन गर्ने,

(२) सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम दिने,

(३) खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,

(४) वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रवर्द्धन गरी लगत राख्ने,

(५) हाट बजारको व्यवस्थापन गर्ने, गराउने,

(६) विद्युत चुहावट तथा चोरी नियन्त्रणमा सहयोग गर्ने ।

**ङ. सिफारिस तथा प्रमाणित गर्ने**

(१) नाता प्रमाणित गर्ने,

(२) नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,

(३) बहाल करको लेखाजोखा सिफारिस गर्ने,

(४) बन्द घर तथा कोठा खोल्न रोहबरमा बस्ने,

(५) मोही लगत कट्टाको सिफारिस गर्ने,

(६) घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने,

(७) जन्म मिति प्रमाणित गर्ने,

(८) व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुदै नभएको सिफारिस गर्ने,

(९) विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,

(१०) निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,

(११) वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अंग्रेजि भाषामा समेत सिफारिस तथा प्रमाणित गर्ने,

(१२) घर पाताल प्रमाणित गर्ने,

(१३) व्यक्तिगत विवरण प्रमाणित गर्ने,

(१४) जग्गा धनी दर्ता प्रमाणपुर्जामा घर कायम गर्न सिफारिस गर्ने,

(१५) कुनै व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक–फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने,

(१६) नाम, थर, जन्म मिति संशोधनको सिफारिस गर्ने,

(१७) जग्गा धनी दर्ता प्रमाणपुर्जा हराएको सिफारिस गर्ने,

(१८) कित्ताकाट गर्न सिफारिस गर्ने,

(१९) संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,

(२०) जीवितसँगको नाता प्रमाणित गर्ने,

(२१) मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने,

(२२) जीवित रहेको सिफारिस गर्ने,

(२३) हकवाला वा हकदार प्रमाणित गर्ने,

(२४) नामसारी गर्न सिफारिस गर्ने,

(२५) जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने,

(२६) उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,

(२७) आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने,

(२८) जग्गा मूल्याकंन सिफारिस गर्ने,

(२९) विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,

(३०) अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने,

(३१) वैवाहिक अंगीकृत नागरिकता सिफारिस गर्ने,

(३२) आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धी सिफारिस गर्ने,

(३३) विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने,

(३४) धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने,

(३५) प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने ।

**१३. न्यूनतम दररेट निर्धारण गर्नेः** चौतारा साँगाचोकगढी नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्ने छ । श्रमिकको ज्यालादर निर्धारण गर्दा नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय न्यूनतम पारिश्रमिकभन्दा कम नहुने गरी तोक्ने छ र उक्त कार्य प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेछ ।

**१४. समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्नेः** कार्यपालिकाले आफ्नो काम कारबाही व्यवस्थित गर्न आवश्यकता अनुसार कुनै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न सक्नेछ । (२) गाउँपालिका तथा नगरपालिकाले विषय विज्ञता आवश्यक पर्ने क्षेत्रमा कुनै सदस्य वा विषय विज्ञको संयोजकत्वमा कार्यदल गठन गर्न सक्नेछ । समिति, उपसमिति वा कार्यदलको कार्यक्षेत्र, कार्याविधि र अन्य विषय त्यस्तो समिति, उपसमिति वा कार्यदल गठन गर्दाको बखत तोके बमोजिम हुनेछ ।

**१५. परिचालन र समन्वय गर्नेः** नगरपालिकाले स्थानीयस्तरमा विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कार्य गर्दा आफ्नो क्षेत्रभित्रका उपभोक्ता, निजी क्षेत्र, सामुदायिक संघ संस्था, सहकारी संस्था तथा गैरसरकारी क्षेत्रको परिचालन र समन्वय प्रवर्द्धनलाई प्रोत्साहन गर्न सक्नेछ ।

**१६. कार्यविभाजन र कार्यसम्पादनः** कार्यपालिकाको कार्यविभाजन र कार्यसम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुनेछ । कार्यविभाजन नियमावलीमा अध्यक्ष तथा प्रमुख, उप प्रमुख उपप्रमुख, वडा अध्यक्ष र सदस्यको काम, कर्तव्य र अधिकार समेत उल्लेख भएको हुनु पर्नेछ । कार्यविभाजन तथा कार्य सम्पादन नियमावली स्वीकृत वा संशोधन भएको मितिले पन्ध्र दिनभित्र प्रदेश र नेपाल सरकारमा पठाउनु पर्नेछ । नियमावलीबाट पदाधिकारीको कार्यविभाजन वा काम, कर्तव्य र अधिकार नतोकिएसम्मको लागि निजको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः–

**क. नगर प्रमुखको काम, कर्तव्य र अधिकारः प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–**

(१) सभा तथा कार्यपालिकाको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(२) सभा र कार्यपालिकाको बैठकमा बैठकको कार्यसूची तथा प्रस्ताव पेश गर्ने, गराउने,

(३) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी सभामा पेश गराउने,

(४) सभाको अधिवेशन आह्वान र अन्त्य गर्ने,

(५) सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने गराउने,

(६) कार्यपालिकाको दैनिक कार्यको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,

(७) उपप्रमुख, कार्यपालिकाका सदस्य तथा प्रमुख प्रशासकीय अधिकृतलाई काजमा खटाउने,

(८) वडा समितिबाट सम्पादन हुने सिफारिस तथा प्रमाणित हुने विषय बाहेक प्रचलित नेपाल कानून बमोजिम स्थानीय तहबाट गर्नु पर्ने प्रमाणित वा सिफारिस गर्ने,

(९) नगरपालिकाको चल अचल सम्पत्ति हेरचाह तथा मर्मत सम्भार गर्ने गराउने र आम्दानी, खर्च, हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्न लगाउने,

(१०) नगरपालिकाका समिति, उपसमिति तथा वडा समितिको कामको रेखदेख गर्ने,

(११) सार्वजनिक सेवा प्रवाह सम्बन्धी गुनासो व्यवस्थापन गर्ने, गराउने,

(१२) सात दिनभन्दा बढी समय नगरपालिकामा अनुपस्थित हुने भएमा उपप्रमुखलाई कार्यभार दिने र उपप्रमुख पनि अनुपस्थित भएमा कुनै सदस्यलाई कार्यभार दिने,

(१३) सभा वा कार्यपालिकाले तोकेका अन्य काम गर्ने ।

**ख. उपप्रमुखको काम, कर्तव्य र अधिकारः उपप्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–**

(१) न्यायिक समितिको संयोजक भई कार्य गर्ने,

(२) प्रमुखको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने,

(३) गैरसरकारी संघ संस्थाका क्रियाकलापको समन्वय गर्ने,

(४) उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यको समन्वय गर्ने,

(५) योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने,

(६) सभा र कार्यपालिकाद्वारा गठित समितिहरूको काममा सहजीकरण र समन्वय गर्ने,

(७) सात दिनभन्दा बढी समय गाउँपालिका वा नगरपालिकामा अनुपस्थित हुने भएमा प्रमुखलाई जानकारी गराउने,

(८) सभा, कार्यपालिका तथा प्रमुखले प्रत्यायोजन गरेका वा तोकेका अन्य कार्य गर्ने।

### ३.१ स्वीकृत संगठन संरचना

https://chautarasangachowkgadhimun.gov.np/ne/oandmchart

## ५. कार्यालयमा रहेका शाखा र जिम्मेवार अधिकारी

| क्र.सं. | शाखा | जिम्मेवारी अधिकारी |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत, श्री राम बहादुर के.सी. | |
| २. | प्रशासन शाखा/राजश्व शाखा | शंकर प्रसाद दाहाल |
| ३. | योजना तथा अनुगमन शाखा | दुर्गा प्रसाद ढुङ्गेल |
| ४. | जिन्सी शाखा | निरज विशंख |
| ५. | आर्थिक प्रशासन शाखा | सरला धिमाल |
| ६. | पूर्वाधार विकास तथा वातावरण शाखा | विकास श्रेष्ठ |
| ७. | सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा | तुल्सी माया तामाङ |
| ८. | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | दुर्गा प्रसाद ढुङ्गेल |
| ९. | स्वास्थ्य शाखा | दिनेश नेपाल, शिव बहादुर पुरी |
| १०. | शिक्षा, युवा तथा खेलकुद शाखा | बशन्तराज जोशी |
| ११. | पशु सेवा शाखा | अर्जुन बहादुर खड्का |
| १२. | कृषि विकास शाखा/ रोजगार सेवा केन्द्र | चिरञ्जिवि कट्टेल |
| १३. | कानून शाखा | - |
| १४. | पशु विकास शाखा | अर्जुन बहादुर खड्का |
| १५. | स्थानीय पूर्वाधार विकास शाखा | विकास श्रेष्ठ |

## ६. निवेदन उजुरी उपर निर्णय गर्ने प्रकृया र अधिकारी

यस नगरपालिकाको कार्यालयबाट प्रवाह हुने सेवा प्राप्त गर्नको लागि प्रचलित कानून बमोजिम प्रचलनमा रहेको फारम तथा निवेदनका ढाँचाहरुमा निवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष वा प्रमुख प्रशासकीय अधिकृतको अनुपस्थितिमा प्रशासकीय अधिकृतले निवेदन तोक लगाई दर्ता गरी सम्बन्धित शाखामा पेश गर्नु पर्दछ ।निर्णय गर्ने अधिकारी प्रमुख प्रशासकीय अधिकृत हुनेछ। निवेदनको ढाँचा, लाग्ने दस्तुर र प्रकृया नागरिक वडापत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

यस नगरपालिकाको कार्यालयले गरेको काम कारवाही तथा निर्णय उपर प्रमुख प्रशासकीय अधिकृतले उजुरी सुन्ने व्यवस्था रहेको छ । प्रमुख प्रशासकीय अधिकृत बाहेकबाट निर्णयहरुका सम्बन्धमा गुनासो अधिकारी वा प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुरी वा निवेदन दिन सकिने छ ।

## ८. सम्पादन गरेका प्रमुख कामहरुको विवरण

२०७९ श्रावण देखि पौष २७ सम्म नगरपालिकाबाट सम्पादित भएका शाखागत प्रमुख कार्यहरुको विवरण देहाय बमोजिम छन्।

**प्राविधिक शाखा तर्फ**

**भौतिक पूर्वाधार विकास अन्तर्गत सडक तर्फ**

- ☞ माटो सडक (नयाँ ट्र्याक) ५.१५ किलो मिटर निर्माण कार्य सम्पन्न भएको छ।
- ☞ नाली (Earthern Drain) ६.२२ किलो मिटर निर्माण कार्य सम्पन्न भएको छ।
- ☞ Plum नाली (पक्की Drain) २६६ मि. निर्माण कार्य सम्पन्न भएको छ।
- ☞ सडक चौडा २.७३ किलो मिटर निर्माण कार्य सम्पन्न भएको छ।
- ☞ सडक सरसफाई २८४.३० किलो मिटर निर्माण कार्य सम्पन्न भएको छ।
- ☞ ग्रावेल १.०३ किलो मिटर निर्माण कार्य सम्पन्न भएको छ।
- ☞ Stone Soling ६९५ मिटर निर्माण कार्य सम्पन्न भएको छ।
- ☞ तार जाली १८६ थान निर्माण स्थलमा प्रयोग भएको छ।
- ☞ ह्युम पाईप ११ वटा निर्माण स्थलमा प्रयोग भएको छ।
- ☞ टेवा पर्खाल १३३ मि. निर्माण कार्य सम्पन्न गरिएको छ।
- ☞ ढलान (Rigid Pavement) ५०३ मि. निर्माण कार्य सम्पन्न भएको छ।
- ☞ १ वटा ब्याक हो लोडर खरिद गरिएको छ।

**आवास तथा भवन तर्फ**

- ☞ ५ नं. वडा कार्यालयको भवन निर्माण सम्पन्न भई मिति २०७९/०९/०१ गते देखि कार्य संचालन गरिएको छ।
- ☞ २ वटा सामुदायिक भवन मर्मत कार्य सम्पन्न भएको छ।
- ☞ ५ वटा ट्रस भवन निर्माण कार्य सम्पन्न भएको छ।

**मठमन्दिर तर्फ**

- नगरपालिका भित्रका ८ वटा मन्दिर मर्मत कार्य सम्पन्न भएको छ।

**खानेपानी तर्फ**

- २५२ मि. HDPE 160 mm dia पाईप खरिद गरिएको छ।
- PVC Tank १ वटा खरिद गरिएको छ।

**पर्यटन तर्फ**

- पर्यटन व्यवसायलाई प्रभावकारी बनाउन सरोकारवाला निकायहरुसँग वडा नं. १० स्थित सुकुटेमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ। साथै नगरपालिकाको पर्यटन क्षेत्रको दीगो विकासको लागि सम्भावनाको खोजी र चुनौतिको अध्ययनको लागि आर्थिक विकास समितिको संयोजकत्वमा ९ सदस्यीय समिति गठन गरिएको छ।

**ठेक्का प्रकृया मार्फत् संचालित योजनाहरु तर्फ**

- चालू आ.व को हाल सम्म ९ वटा ठेक्का आह्वान भएको छ ।
- ठेक्का सम्झौता भई ३ वटा निर्माण कार्य सम्पन्न भएको छ ।
- ठेक्का सम्झौता भई ३ वटा निर्माण कार्य संचालन रहेको छ ।
- ३ वटा योजनाको भुक्तानी कार्य सम्पन्न भएको छ ।
- भुक्तानी हुन बाँकी योजना संख्या ७ रहेको छ ।

**उपभोक्ता समिति मार्फत संचालित योजनाहरु सम्बन्धी विवरण**

- उपभोक्ता समिति मार्फत भौतिक निर्माणको लागि सम्झौता भएको योजनाको संख्या ७५ रहेको छ ।
- सम्झौता भएको योजनाहरु मध्ये २७ वटा योजनाको भुक्तानी कार्य सम्पन्न भएको छ । साथै भुक्तानी हुन बाँकी योजना संख्या ४८ रहेको छ ।

**स्वास्थ्य शाखा तर्फ**

- स्वास्थ्य बिमा कार्यविधि २०७९ तयार गरी स्वास्थ्य विमा कार्यक्रम कार्यन्वयनमा ल्याइएको छ।
- यस नगरपालिका भित्र १६०५१ जनालाई स्वास्थ्य सेवा प्रदान गरिएको छ। (जसमा महिला ९३८१ जना र पुरुष ६६७० जना रहेका छन्)
- होम डेलिभरी ० गराउनको लागि बर्थिङ सेन्टर आउन तथा रेफरल भई जाँदा एम्बुलेन्समा लाग्ने खर्च निःशुल्क गरिएको छ। जसमा १३९ जनालाई एम्बुलेन्स भाडा उपलब्ध गरिएको छ। जसमा रिफर भएर गएका ८४ जना त्यसमध्ये धुलिखेल अस्पतालमा ३५ जना, थापाथली प्रसुति केन्द्रमा ३९ जना, नेपाल मेडिकल कलेजमा ३ जना, शिर मेमोरियल अस्पतालमा ३ जना, सिभिल अस्पतालमा २, पाटन अस्पतालमा १ जना, शंखरापुर अस्पतालमा १ जना र नगरपालिका भित्र सुत्केरी भएका ५५ जना रहेका छन्।
- वडा नं. ७ स्थित मेलचौरमा १० दिने मालिका देवि फुटबल प्रतियोगितामा निःशुल्क प्राथमिक उपचार संचालन गरिएको छ।
- यस नगरपालिका अन्तर्गत वडा नं.१२ को साँगाचोक आधारभुत स्वास्थ्य सेवा केन्द्र र वडा नं. ५ को चौतारा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा शिर मेमोरियल अस्पताल बनेपाको सहकार्यमा २ दिन महिला प्रजनन् सम्बन्धी स्वास्थ्य शिविर सम्पन्न भएको छ। जसमा

  **जम्मा जाँच गरिएका महिला** ः ७०३ जना<br>
  **पाठेघर खस्ने समस्या भएका** ः ७७ जना<br>
  **रिङ पेसरी राखिएका** ः ३१ जना<br>
  **अप्रेशन गर्नुपर्ने** ः ८ जना

**पाठेघरको मुखको क्यान्सरको जाँच :** ५९१ जना
**पाठेघरको मुखको सम्भावित क्यान्सर देखिएका :** १६ जना
**पाठेघरको मुखको सम्भावित क्यान्सर देखिएकालाई उपचार प्रक्रिया (Thermo coagulation) गरिएका** : १४ जना
**पाठेघरसंग सम्बन्धित समस्या भएका :** ३५५ जना

- यस नगरपालिका अर्न्तगतको वडा नं. १३ ,४ ,१ , ११ ,७ ,१४ र १२ मा जेष्ठ नागरिक क्लिनिक तथा स्वास्थ्य परिक्षण अभियान सुभारम्भ कार्यक्रम सम्पन्न गरिएको थियो। जसमा,

**जम्मा स्वास्थ्य परिक्षण गर्ने बिरामीको संख्या :** १३६२ जना
**सुगरको जाँच गरेका :** १००५ जना
**आँखाको परिक्षण गरेका :** १०३४ जना
**खकार परिक्षण गरेका :** १२ जना
**मोतिबिन्दु भएका अप्रेसन गर्नुपर्ने :** ६९ जना
**आँखामा मासु पलाएको अप्रेसन गर्नुपर्ने :** २ जना
**गर्भवती महिलाहरुको भिडियो एक्स-रे गरेको संख्या :** ४१ जना

- चौतारा साँगाचोकगढी नगरपालिकाद्धारा महिलाहरुको लागि सञ्चालन गरिएको २ दिने प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क स्वास्थ्य शिविरमा पत्ता लागेका आङ खस्ने समस्या भई अप्रेसन गर्नुपर्ने महिलाहरु मध्ये ८ जनाको शिर मेमोरियल अस्पतालको सहकार्यमा अप्रेसन, औषधी, खाना, बस्नको व्यवस्था तथा आवतजावतको लागि समेत निःशुल्क एम्बुलेन्सको व्यवस्था गरिएको छ।
- १९ औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका दिवस "महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकाको प्रतिबद्धता : स्वास्थ्य प्रवर्द्धनमा हाम्रो एक्यवद्धता" भन्ने नाराका साथ सम्पन्न गरिएको र उक्त कार्यक्रममा ६० वर्ष उमेर पुगेका महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकाहरुलाई सम्मान पत्र सहित प्रति व्यक्ति नगद रु. १०,०००|- (दश हजार) दरले ३ जनाको सम्मान जनक बिदाई गरिएको छ।
- राष्ट्रिय Vitamin A कार्यक्रम संचालन गरिएको छ। जसमा ६ देखि ११ महिनाका ३३२ र १२ देखि ६० महिनाका २५६९ बालबालिकालाई Vitamin A खुवाईएको र १२ देखि २३ महिनाका ६१४ जना र २४ देखि ६० महिनाका २०१३ बालबालिकालाई जुकाको औषधी खुवाईएको र ३९९ जना बालबालिकाहरुलाई बालभिटा वितरण गरिएको छ।
- विपन्न नागरिकलाई औषधि उपचार बापत सहुलियत उपलब्ध गराउन ४३ जनालाई सिफारिस गरिएको छ जसमा,

| क्यान्सर | मृगौला | स्पाइनल इन्जुरी | मुटु रोग | हेड इन्जुरी |
|---|---|---|---|---|
| १० | ७ | ४ | १९ | ३ |

- आर्थिक सहायता विपन्न नागरीकलाई आर्थिक सहायता रु. १५,०००|- (पन्ध्र हजार) को दरले ४३ जनालाई उपलब्ध गरिएको छ।
- चौतारा साँगाचोकगढी नगरपालिका भित्र रहेका बर्थिङ साँगाचोक आधारभुत स्वास्थ्य सेवा तथा प्रसुति केन्द्रमा १४ र ठुलोसिरुवारी स्वास्थ्य चौकीमा ९ जनालाई प्रसुती सेवा प्रदान गरिएको छ।
- १६२ पटक गाउँघर क्लिनिक सेवा सञ्चालन गरी ३६१९ जनालाई सेवा प्रदान गरिएको छ।
- खोप क्लिनिक मार्फत् जम्मा १८३ पटक खोप सेवा सञ्चालन गरि १६३० जनालाई सेवा दिइएको छ ।
- महिला स्वास्थ्य स्वंयसेविका मार्फत् स्वास्थ्य सेवा १७९५६ जनालाई प्रदान गरिएको छ।
- आत्महत्या न्युनिकरण दिवस मनाइएको छ।
- वार्षिक समिक्षा सम्पन्न भएको छ।
- DOTS चौमासिक समिक्षा गोष्ठी सम्पन्न भएको छ।

- ☞ मनोसामाजिक समस्या भएका यस आर्थिक वर्षमा निरन्तर मनोविमर्श सेवा लिइरहेका ५१ जना र नयाँ ११ जना गरि जम्मा ६२ जना विरामीहरुलाई  मनोविमर्श सेवा दिइएको र २६ जना बिरामीहरुको सुधार भई सेवा बन्द गरिएको र मानसिक रोगको औषधी सेवन गर्ने बिरामीहरु मध्ये १२७ जनाको तथ्याङ्क संकलन गरिएको छ।
- ☞ ५ वर्षदेखि ११ वर्ष मुनीका बालबालिकाहरुमा फाइजर बायोन्टेक (BIO-N-TEC) कोभिड खोप अभियान सञ्चालन गरिएको छ जसमा,

| चरण | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| पहिलो चरण | १९९६ | १९६६ | ३९६२ |
| दोस्रो चरण | १९८३ | १९१९ | ३९०२ |

- ☞ यस चौतारा साँगाचोकगढी नगरपालिकामा नेपाल सरकारको विपन्न नागरिकहरुलाई औषधि उपचार बापत मासिक रु. ५,००० खर्चको कार्यविधिको आधारमा ७४ जनालाई दिइको छ। जसमा,

**डायलासिस गरिरहेको** : १३ जना

**मृगौला प्रत्यारोपण** : ९ जना

**मेरुदण्ड पक्षघात्** : ४ जना

**क्यान्सर** : ४८ जना

| डायलासिस गरिरहेको | मृगौला प्रत्यारोपण | मेरुदण्ड पक्षघात | क्यान्सर |
|---|---|---|---|
| १३ | ९ | ३ | ४८ |

**<u>शिक्षा, युवा तथा खेलकूद तर्फ</u>**

- ☞ ओपन जिम तथा सार्वजनिक शौचालय निर्माण गरी सूचारु गरिएको छ।
- ☞ स्थानीय पाठ्यक्रम निर्माण तथा प्रकाशन कार्य गरिएको छ।
- ☞ समावेशी शिक्षा कार्ययोजना निर्माण तथा छपाई गरिएको छ।
- ☞ २ चरण प्रधानाध्यपक गोष्ठी सम्पन्न भएको छ।
- ☞ शिक्षा दिवसका उपलक्ष्यमा विभिन्न सरोकारवालहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।
- ☞ वालमैत्री वडा घोषणा कार्यक्रममा निवन्ध प्रतियोगिता सञ्चालन गरिएको छ।
- ☞ नगरका ८१ विद्यालयको सुक्ष्म अनुगमन कार्य भएको छ।
- ☞ नगरको विद्यालय नक्शाङ्कन तथा नगर स्तरीय प्रतिवेदन सार्वजनिक गरिएको छ।
- ☞ नियमित मासिक तलब तथा विद्यालय दिवा खाजाको रकम निकासा भएको छ।
- ☞ विद्यालयको लेखा प्रणाली व्यवस्थित गर्न लेखा परीक्षक छनौट तथा नियुक्ति गरिएको छ।
- ☞ विद्यालय ईमिस अध्यवधिक गरिएको छ।
- ☞ आधारभूत तहमा अंग्रेजी विषयमा अध्यापन गराउने १ शिक्षकको लागि ४ दिने आवासीय तालिम सम्पन्न भएको छ।

**<u>पशु सेवा शाखा तर्फ</u>**

- ☞ व्यवसायिक गाई भैसी पालन, वाख्रा पालन, बंगुर पालन र लेयर्स कुखुरा पालन अनुदानको लागी प्रस्तावहरु संकलन भै अनुगमनको क्रममा रहेको छ।
- ☞ सुत्केरी गाई भैसी प्रोत्साहन अनुदानको लागि ४०० निवेदन हाल सम्म दर्ता भएको र अनुदान रकम वितरणको प्रकृयामा रहेको छ।
- ☞ जै तथा केराउ घाँसको विउ २५०० के.जि. वितरण भएको छ।
- ☞ पशु विमा कार्यक्रम अन्तर्गत ३८० गाई भैसी र २० वाख्राको विमा गरिएको छ।
- ☞ डिस्पेन्सरी शाखाबाट र पशु सेवा केन्द्र जल्केनीबाट पशुपन्छी उपचार सेवा प्रदान भै रहेको छ।

**हाल सम्मको उपचार विवरण ः-**

| | |
|---|---|
| मेडिकल उपचार | १०७१ |
| माईनर सर्जिकल उपचार | २११ |
| परजिवि बिरुद्ध औषधि वितरण | ९००१ |
| गाईनोकोलोजिकल उपचार | ३० |
| खोप कार्यक्रम | ५४ |
| गोवर परिक्षण | ७३ |
| पोष्टमार्टम | १० |

☞ आकस्मिक पशुपन्छी उपचार सेवालाई प्राथमिकतामा राखी उपचार भई रहेको छ।

**विविध योजना तर्फ**

☞ आ.व.०७९/८० मा ४७ वटा योजनाहरु सम्झौता भएका छन्।

☞ आ.व.०७९/८० मा ४७ वटा सम्झौता भएको योजनाहरु मध्य १९ वटा योजनाहरु भुक्तानी भएका छन्।

☞ ४७ सम्झौता भएको योजना मध्ये २८ वटा योजना सञ्चालित अवस्थामा रहेका छन्।

**कृषि विकास शाखा तर्फ**

☞ मिनिटिलर वितरण अनुदान कार्यक्रमको सूचना प्रकाशन तथा माग संकलन कार्य सम्पन्न गरिएको छ।

☞ टनेल प्लाष्टिक, आईरन टनेल, प्लाष्टिक पोखरी वितरण कार्यक्रमको सूचना प्रकाशन तथा माग संकलन कार्य सम्पन्न गरिएको छ।

☞ पुष्प व्यवसाय प्रोत्साहन अनुदान कार्यक्रमको सूचना प्रकाशन तथा माग संकलन कार्य सम्पन्न गरिएको

☞ औषिद खरिद कार्य तर्फ बालीलानीमा लाग्ने विभिन्न प्रकारका रोग, किरा नियन्त्रण गर्ने ६ किसिमका जैविक तथा रसायनिक औषधि तथा विषादी खरिद गरिएको छ।

☞ साना सिंचाई तथा पोखरी निर्माण कार्यक्रम तर्फ कार्यक्रमको सूचना प्रकाशन तथा माग संकलन कार्य सम्पन्न गरि अनुगमन तथा छनौट प्रक्रियामा रहेको छ।

☞ रासायनिक मल घुम्तिकोष कार्यक्रम तर्फ १५ ओटा रासायनिक मल बिक्रि वितरण गर्ने सहकारीहरुलाई घुम्तिकोष सेवा रकम उपलब्ध गराईएको छ।

☞ माटो परिक्षण तथा घुम्ती शिविर कार्यक्रम सञ्चालनका लागी सूचना प्रकाशित तथा नमुना संकलन कार्य अघि बढाईएको छ।

**सूचना प्रविधि तथा राजश्व शाखा तर्फ**

☞ नेपाल दुर सञ्चार प्राधिकरणबाट स्वीकृत भएको योजना अनुसार यस नगरपापलिका भित्रका सम्पुर्ण वडा कार्यालयहरु, स्वास्थ्य कार्यालयहरु, विद्यालयहरुमा इन्टरनेटर जडान गर्नका लागि बोलपत्र आह्वान भएकोमा सेवा प्रदायक संस्थासँग भ्याड सहित ६१,२३,९२२।- (एकसठ्ठी लाख तेईस हजार नौ सय बाईस) मा सम्झौता गरी उक्त कार्य प्रारम्भ भएको छ।

☞ मुख्य मन्त्री तथा मन्त्री परिषद्को कार्यालय बागमती प्रदेश अन्तर्गत आ.व. ०७९/८० को लागि स्वीकृत नवप्रवर्तन साझेदारी कोष कार्यक्रम अन्तर्गत एकीकृत सुचना प्रणाली व्यवस्थापनको प्रयोजनार्थ यस नगरपालिकाको प्रत्येक वडामा घरधुरी सर्वेक्षणको लागि गणकहरुलाई माघ महिनाको पहिलो सातामा

तालिम संचालन गरी दोस्रो साताबाट वडामा पठाउने तयारी गरिएको । साथै अनलाईन सफ्टवेयर प्रणाली निर्माणका लागि बोलपत्र आह्वानको तयारीमा रहेको छ।

☞ हालसम्म यस नगरपालिकामा १५०८ वटा व्यवसायहरु दर्ता भई संचालनमा रहेका छन् ।

☞ चालू आ.व. को श्रावण देखि हाल सम्म यस नगरपालिका तर्फबाट तपशिल बमोजिम राजश्व संकलन भएको छ।

| क्र.सं | विवरण | रकम | आक्षेरुपि रकम | कै. |
|---|---|---|---|---|
| १ | इन्द्रावती नदि (दहत्तर बहत्तर) | १३७,५५०,००० | तेह्र करोड पचहत्तर लाख पचास हजार | पहिलो र दोस्रो किस्ता वापतको रकम |
| २ | सुनकोशी नदि (दहत्तर बहत्तर) | ३४,९५०,००० | तीन करोड उननचास लाख पचास हजार | पहिलो र दोस्रो किस्ता वापतको रकम |
| ३ | नगरपालिका र वडा कार्यालय तर्फ जम्मा | ५,१८५,०९५ | एकाउन्न लाख पचासी हजार चौरान्नब्बे | |
| **नगरपालिका, वडा तर्फ र दहत्तर बहत्तर तर्फको गरि जम्मा** | | **१७७,६८५,०९५** | **सत्र करोड छहत्तर लाख पचासी हजार चौरान्नब्बे** | |

☞ **श्रावण देखि पौष २७ सम्मको वडागत राजश्व विवरण यस प्रकार रहेको छ।**

| वडा तर्फ | | | | |
|---|---|---|---|---|
| क्र.सं. | वडा नं. | रकम | आक्षेरुपि रकम | कैफियत |
| १ | वडा नं. १ | ११९,९०८.०० | एक लाख उन्नाइस हजार नौ सय आठ | |
| २ | वडा नं. २ | १७७,३३०.०६ | एक लाख सत्हत्तर हजार तीन सय तीस | |
| ३ | वडा नं. ३ | १५०,७१४.०० | एक लाख पचास हजार सात सय चौध | |
| ४ | वडा नं. ४ | २७०,१७०.४० | दुई लाख सतरी हजार एक सय सतरी | |
| ५ | वडा नं. ५ | १,५१९,७४५.०० | पन्ध्र लाख उन्नाइस हजार सात सय पैंतालिस | |
| ६ | वडा नं. ६ | १७४,८५७.०० | एक लाख चौहत्तर हजार आठ सय सन्ताउन्न | |
| ७ | वडा नं. ७ | ४३४,९७७.३१ | चार लाख चौतीस हजार नौ सय सत्हत्तर | |
| ८ | वडा नं. ८ | २९७,९४०.७२ | दुई लाख सन्तान्नब्बे हजार नौ सय चालीस | |
| ९ | वडा नं. ९ | ३२४,९८१.०० | तीन लाख चौबीस हजार नौ सय एकासी | |
| १० | वडा नं. १० | ३७८,४२९.६३ | तीन लाख अठ्हत्तर हजार चार सय उनन्तीस | |
| ११ | वडा नं. ११ | ५६६,४१७.६२ | पाँच लाख छैसठी हजार चार सय सत्र | |
| १२ | वडा नं. १२ | २०९,०४९.०० | दुई लाख नौ हजार उननचास | |
| १३ | वडा नं. १३ | ३१०,२५६.९१ | तीन लाख दस हजार दुई सय छपन्न | |
| १४ | वडा नं. १४ | २५०,३१८.०० | दुई लाख पचास हजार तीन सय अठाह्र | |
| वडा तर्फ जम्मा | | **५,१८५,०९४.६५** | **एकाउन्न लाख पचासी हजार चौरान्नब्बे** | |

## महिला तथा बालबालिका, जेष्ठ नागरिक तर्फ

## महिला तथा बालबालिका तर्फ

☞ यस नगरपालिका अन्तरगर्तका निम्न वडाहरु ४,११,१३ र १२ मा गई अपाङ्गता परिचयपत्र विवरण कार्यक्रम संञ्चालन गरिएको छ।

☞ यस नगरपालिकामा अपाङ्गता भएका ब्यक्तिहरुलाई परिचयपत्र वितरण गर्नको लागि प्रत्येक महिना अपाङ्ग समन्वय समितिको बैठक बसी परिचयपत्र विवरण कार्यक्रम सम्पन्न गर्ने गरिएको छ।

☞ आ.ब २०७९/८० मा यस चौतारा साँगाचोकगढी नगरपालिकाका निम्न संख्या मा निम्न बर्गको अपाङ्गता परिचयपत्र विवरण गरिएको छ।

☞ 'क' बर्गको अपाङ्गता परिचयपत्र २० जनालाई विवरण गरिएको छ।

- ☞ 'ख' बर्गको अपाङ्गता परिचयपत्र ४९ जनालाई विवरण गरिएको छ।
- ☞ 'ग' बर्गको अपाङ्गता परिचयपत्र २२ जनालाई विवरण गरिएको छ।
- ☞ 'घ' बर्गको अपाङ्गता परिचयपत्र ११ जनालाई विवरण गरिएको छ।
- ☞ अपाङ्गता परिचयपत्र को लागि १५ वटा निवेदन दर्ता गरिएको छ।
- ☞ महिला हिंसा बिरुद्धको १६ दिने अभियान अन्तर्गत यस नगरापलिका भित्र रहेका सबै वडाहरुमा अन्तरकृया तथा छलफल कार्यक्रम सम्पन्न गरिएको छ।
- ☞ लैङ्गीक हिंसा न्युनिकरणका लागि पुरुष सहभागिता विषयक कार्यक्रम संचालन गरिएको छ।

**बालबालिका तर्फ**

- ☞ यस चौतारा साँगाचोकगढी नगरपालिकाको वडा नं १३ लाइ बाल मैत्री वडा घोषणा गरिएको छ।
- ☞ नगर बाल संजालको मासिक रुपमा बैठक बसी वडामा रहेका वाल संजाललाइ सक्रिय गराउने कार्य गरिएको छ।
- ☞ स्थानीय बालअधिकार समिति गठन गरिएको छ।

**जेष्ठ नागरिक तर्फ**

- ☞ यस चौतारा साँगाचोकगढी नगरपालिकाको ४५ जना जेष्ठ नागरिकलाई जेष्ठ नागरिक परिचयपत्र बितरण गरिएको छ।

**न्यायिक शाखा तर्फ**

- ☞ आ.ब २०७९/८० मा ११ वटा विवादहरु दर्ता भएका छन्।
- ☞ आ.ब२०७८/७९ मा दर्ता भइ अल्यामा रहेका ३ वटा विवादहरु मिलापत्र भएको छ।
- ☞ आ.ब २०७९/८० मा २ वटा विवादहरु मिलापत्र भएका छन्।
- ☞ हाल बिचाराधिन संख्या ४ रहेको छ।
- ☞ म्याद तामेलिका क्रममा रहेका ५ वटा छन्।
- ☞ न्यायिक निरुपणको लागि हाल सम्म २० वटा छलफल सत्र (इजालस) बस्ने कार्य सम्पन्न भएको छ।
- ☞ कानूनी सचेतना कार्यक्रम वडा स्तरमा संचालन गरिएको छ।

**सहकारी तर्फ**

- ☞ यस चालू आ.व. मा थप ४ वटा सहकारीहरु नगरपालिकामा दर्ता भएका छन्।
- ☞ चालू आ.व. मा हालसम्म १२ वटा सहकारीहरु नवीकरण कार्य सम्पन्न भएको छ।
- ☞ हालसम्म दर्ता भएका सहकारी मध्ये ४२ वटा सहकारी कोपोमिस प्रणालीमा आबद्ध रहेका छन्।

**रोजगार शाखा तर्फ**

- ☞ रोजगार सहायकको पदपूर्ति कार्य सम्पन्न भएको छ।
- ☞ स्थानीय निर्देशक समिति पूर्नगठन भएको छ।
- ☞ स्थनीय निर्देशक समितिको बैठकबाट वडाबाट छनौट भएर आएका योजनाहरु स्वीकृत भएका छन्।
- ☞ प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि वडाबाट छनौट भएका योजनाहरुको स्थलगत अनुगमन कार्य सम्पन्न भएको छ।
- ☞ स्थलगत अनुगमन सम्पन्न भएका योजनाहरुको प्राविधिक इस्टिमेट लगायतका कार्यहरु भैरहेको छ।
- ☞ आ.व २०७८/०७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि सूचिकृत भएका बेरोजगार संख्या महिला १,१२९ र पुरुष ३५२ गरी जम्मा १,४८१ जना रहेका छन्।

- ☞ आ.व २०७८/०७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि संघीय सरकारद्वारा शसर्त तर्फको रु. ७९,९९,०००। (उनानअसी लाख उनानसय हजार रुपैयाँ मात्र) रकम विनियोजन भएको छ।
- ☞ प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि पेश भएका योजना मध्ये ३० वटा योजना मिति २०७८ पौष २५ गतेको कार्यपालिका बैठकबाट स्वीकृत भएका छन् ।
- ☞ आ.व २०७८/०७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत भएका बेरोजगार मध्ये १२४ जनालाई १०० दिनको रोजगार उपलब्ध गराउन सकिनेछ।

**<u>सामाजिक सुरक्षा तथा पञ्जिकरण तर्फ</u>**

- ☞ यस चौतारा साँगाचोकगढी नगरपालिकाको आ.व. २०७९/०८० को प्रथम र दोस्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता सम्वन्धित बैंक मार्फत बितरण गर्नका लागि सम्वन्धित बैंकमा पठाइएको छ।
- ☞ आ.व. २०७९/०८० मा यस चौतारा साँगाचोकगढी नगरपालिकामा नयाँ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही ६७२ जना थप भएको छ।
- ☞ आ.व. २०७९/०८० मा यस चौतारा सागाँचोकगढी नगरपालिकाको अनलाइन मार्फत व्यक्तिगत घटना दर्ता (जन्म दर्ता ७४५, बिवाह दर्ता, २११  मृत्यु दर्ता, १९६ बसाई सराई ९६ र सम्वन्ध बिच्छेद २३ दर्ता भएको छ।

**<u>उद्यम विकाश शाखा तर्फ</u>**

- ☞ नगर स्तरीय उद्यम विकास समिति गठन गरिएको छ।
- ☞ यस चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. १,४,५,११,१३ र १४ मा रहेका विगतका आर्थिक वर्षहरुमा गठन गरेका १४ वटा लघु उद्यमी समुहहरुको मासिक रुपमा वैठक सहजीकरण गरियो।
- ☞ भिमटार, रानिटार र ठुलोसिरुवारीका उद्यमीहरुको व्यवसायिक अवस्थाको अवलोकन तथा अनुगमन गरि व्यवसायिक परामर्श दिइयो।
- ☞ गत साल वितरण गर्न वाकी रहेका भिमटारका इन्द्रावती लघु उद्यमी समूह र दोलखा भिमेश्वरी लघु उद्यमी समूह तथा रानीटारका कालीदेवी ल.उ.स. र सिर्जनशिल लघु उद्यमी समूहहरुलाई प्रविधि सामग्री वितरण गरियो।
- ☞ वडा नं. १३, ठुलोसिरुवारीमा रहेको जर्पिक लघु उद्यमी समहका सदस्यहरुलाई स्थानिय चुनावका कारण स्थगित रहन गएको छाला जुत्ता उत्पादन तालिम पुनः निरञ्तर संचालन गरियो।

**<u>प्रशासन तथा सुशासन तर्फ</u>**

- ☞ विद्युतिय बोलपत्रको माध्यमबाट खरिद कार्य गरिँदै आएको छ। (दहत्तर बहत्तर, भौतिक पूर्वाधारसँग सम्बन्धित योजनाहरु, ब्याक हो लोडर, औषधी तथा स्टेशनरी सामाग्री)
- ☞ साविकमा कर्मचारी अभावका कारण वडा सचिव अभाव भएको अवस्थामा हाल सबै वडाहरुमा वडा सचिवहरुको व्यवस्था गरिएको छ।
- ☞ कार्यालयबाट सम्पादन हुने दैनिक सेवा प्रवाहलाई थप नतिजा मुलक तथा प्रभावकारी बनाउन आन्तरीक व्यवस्थापन कार्यलाई सरलीकरण गर्न लागिएको छ।
- ☞ १४ वटै वडामा रहेको जग्गाहरुको नगर स्तरीय भू-उपयोग परिषद्बाट कृषि योग्य र गैर कृषि योग्य क्षेत्रको रुपमा वर्गीकरण गरिएको छ।

☞ विकाससँग सम्बन्धित सरोकारवाला निकायका प्रमुखहरुसँग अन्तरकृया तथा छलफल कार्यक्रम सम्पन्न गरिएको छ ।

☞ हालसम्म यस चौतारा साँगाचोकगढी नगरपालिकामा १५८ वटा 'घ' वर्गका निर्माण व्यवसायी फर्महरु दर्ता/नवीकरण भई संचालनमा रहेका छन् ।

☞ चालू आर्थिक वर्ष ०७९/८० मा यस नगर कार्यपालिकामा तपशिल बमोजिमको कार्यविधिहरु पारित/स्वीकृतीका लागि आवश्यक प्रकृया अगाडि बढाइएको छ ।

१. स्वास्थ्य वीमा सम्बन्धी कार्यविधि, २०७९
२. आकाशे पानी संकलन तथा साना लिफ्ट सिंचाई कार्यक्रम कार्यविधि, २०७९
३. एक घर एक करेसाबारी एक टनेल एक पोखरी प्रोत्साहन अनुदान कार्यविधि, २०७९
४. चौतारा साँगाचोकगढी नगरपालिका साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०७९
५. पकेट विकास प्रवर्द्धन (प्याकेज) कार्यक्रम संचालन कार्यविधि, २०७९
६. नगरपालिकाको वाली संरक्षण कोष स्थापना कार्यविधि, २०७९
७. सहकारी/समुह मार्फत् पकेट क्षेत्रमा वाख्रा पालन कार्यक्रम सम्बन्धी कार्यविधि, २०७९
८. पशु विमा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७९
९. प्रजनन् राँगा/बोका वितरण कार्यविधि, २०७९
१०. सुत्केरी गाई भैंसी प्रोत्साहन अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७९
११. प्रारम्भिक उद्यमशिलता विकास गर्न प्रदान गरिने अनुदान/सापटी सुविधा सम्बन्धी कार्यविधि २०७९

**आर्थिक प्रशासन/लेखा शाखा तर्फ**

☞ सम्पुर्ण करहरु अनलाईन प्रणालीबाट दाखिला गर्न (E-TDS) गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

☞ सम्पूर्ण कारोबारहरुको अनलाईन प्रणाली (E-Payment) मार्फत् भुक्तानी गरिएको छ ।

☞ चालु आर्थिक वर्ष ०७९।८० मा १,२१,६२,८२,२९६।- (एक अर्ब एक्काईस करोड बैसठ्ठी लाख बयासी हजार दुई सय छ्यानब्बे) विनियोजन भएकोमा ३७,५२,८९,१३०।- (सैतीस करोड बाउन्न लाख उनान्नब्बे हजार एक सय तीस रुपैंया) ३०.८५% खर्च भएको छ ।

☞ पुंजीगत तर्फ ३९,२७,२४,१५०।-(उनान्चालिस करोड सत्ताईस लाख चौविस हजार एक सय पचास मात्र) रहेकोमा ७,४३,५८,८९४।- (सात करोड त्रिचालिस लाख अन्ठाउन्न हजार आठ सय चौरानब्बे) १८.९३% खर्च भएको छ ।

☞ चालु तर्फ ८२,३५,५८,१४६।- (बयासी करोड पैंतिस लाख अन्ठाउन्न हजार एक सय छ्यालीस रुपैंया विनियोजन भएकोमा ३०,०९,३०,२३६।- (तीस करोड नौ लाख तीस हजार दुई सय छत्तीस रुपैंया) ३६.५४% खर्च भएको छ ।

## ११. ऐन नियम कार्यविधि र निर्देशिकाको सूची

| क्र.सं. | नगर सभा तथा कार्यपालिकाबाट स्वीकृत गरिएका कानूनको विवरण | कैफियत |
|---|---|---|
| १. | चौतारा साँगाचोकगढी नगरपालिकाको कर्मचारी कल्याणकारी कोष सञ्चालन ऐन, २०७६ | |
| २. | स्वास्थ्य वीमा सम्बन्धी कार्यविधि, २०७९ | |
| ३. | चौतारा साँगाचोकगढी नगरपालिकाको पर्यटन विकास कार्यविधि, २०७८ | |

| क्र.सं. | नगर सभा तथा कार्यपालिकाबाट स्वीकृत गरिएका कानूनको विवरण | कैफियत |
| --- | --- | --- |
| ४. | सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधी, २०७८ | |
| ५. | अटो रिक्सा सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७६ | |
| ६. | गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम निर्देशिका २०७७ | |
| ७. | स्वरोजगार तथा उद्धम प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०७५ | |
| ८. | कामका लागि सामुदायिक आयोजना (सन्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ | |
| ९. | चौतारा साँगाचोकगढी नगरपालिकाको टोल विकास समिति गठन, सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७६ | |
| १०. | चौतारा साँगाचोकगढी नगरपालिकाको नगर शिक्षा ऐन, २०७६ | |
| ११. | चौतारा साँगाचोकगढी नगरपालिकाको विनियोजन ऐन, २०७६ | |
| १२. | चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक ऐन, २०७६ | |
| १३. | नगर खेलकुद व्यवस्थापन तथा सञ्चालन सम्वन्धी कार्यविधि, २०७५ | |
| १४. | नगर प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०७५ | |
| १५. | आन्तरिक आय संकल (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ | |
| १६. | अपाङ्गता भएका व्यक्तिको परिचय—पत्र वितरण कार्यविधि, २०७५ | |
| १७. | करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ | |
| १८. | उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ | |
| १९. | अनुदान तथा आर्थिक सहायता निर्देशिका, २०७५ | |
| २०. | नगर राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ | |
| २१. | निर्माण व्यवसाय नियमन गर्ने निर्देशिका २०७४ | |
| २२. | नगर कार्यपालिकाको बैठक सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७४ | |
| २३. | सरकारी नीज क्षेत्र साझेदारी (म्याचिङ्ग फण्ड) कार्यक्रम सञ्चालन कार्यविधि, २०७४ | |
| २४. | जेष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७४ | |
| २५. | चौतारा साँगाचोकगढी नगरपालिकाको एकिकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५ | |
| २६. | चौतारा साँगाचोकगढी नगरपालिकाको सरसफाई तथा फोहरमैला ब्यबस्थापन | |

| क्र.सं. | नगर सभा तथा कार्यपालिकाबाट स्वीकृत गरिएका कानूनको विवरण | कैफियत |
|---|---|---|
| | कार्यविधि, २०७५ | |
| २७. | अनाथ तथा जोखिमयुक्त वालवालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि) ऐन, २०७५ | |
| २८. | जग्गा प्लटिङ सम्बन्धि कार्यविधि, २०७५ | |
| २९. | चौतारा साँगाचोकगढी नगरपालिकाको व्यवसाय कर निर्देशिका, २०७५ | |
| ३०. | चौतारा साँगाचोकगढी नगरपालिकाको विज्ञापन कर निर्देशिका, २०७५ | |
| ३१. | पूर्व प्राथमिक विद्यालय व्यवस्थापन निर्देशिका, २०७५ | |
| ३२. | विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ | |
| ३३. | सभा सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०७४ | |
| ३४. | एफ.एम रेडियो (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७४ | |
| ३५. | चौतारा साँगाचोकगढी नगरपालिकाको पदाधिकारीहरूको आचारसंहिता,२०७४ | |
| ३६. | बजार अनुगमन निर्देशिका, २०७४ | |
| ३७. | योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ | |
| ३८. | प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ | |
| ३९. | चौतारा साँगाचोकगढी नगरपालिकाको स्थानीय कृषि व्यवसाय प्रवद्र्धन ऐन, २०७४ | |
| ४०. | चौतारा साँगाचोकगढी नगरपालिकाको सहकारी ऐन, २०७४ | |
| ४१. | न्यायिक समिति कार्यविधि सम्बन्धी ऐन, २०७४ | |
| ४२. | आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ | |
| ४३. | निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण नियमावली, २०७४ | |
| ४४. | नगर कार्यपालिकाको कार्य विभाजन नियमावली, २०७४ | |
| ४५. | नगर कार्यपालिको कार्यसम्पादन नियमावली, २०७४ | |
| ४६. | आकाशे पानी संकलन तथा साना लिफ्ट सिंचाई कार्यक्रम कार्यविधि, २०७९ | |
| ४७. | एक घर एक करेसाबारी एक टनेल एक पोखरी प्रोत्साहन अनुदान कार्यविधि, २०७९ | |
| ४८. | चौतारा साँगाचोकगढी नगरपालिका साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०७९ | |
| ४९. | पकेट विकास प्रवर्द्धन (प्याकेज) कार्यक्रम संचालन कार्यविधि, २०७९ | |
| ५०. | नगरपालिकाको वाली संरक्षण कोष स्थापना कार्यविधि, २०७९ | |

| क्र.सं. | नगर सभा तथा कार्यपालिकाबाट स्वीकृत गरिएका कानूनको विवरण | कैफियत |
|---|---|---|
| ५१. | सहकारी/समुह मार्फत् पकेट क्षेत्रमा वाख्रा पालन कार्यक्रम सम्बन्धी कार्यविधि, २०७९ | |
| ५२. | पशु विमा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७९ | |
| ५३. | प्रजनन् राँगा/बोका वितरण कार्यविधि, २०७९ | |
| ५४. | सुत्केरी गाई भैंसी प्रोत्साहन अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७९ | |
| ५५. | प्रारम्भिक उद्यमशिलता विकास गर्न प्रदान गरिने अनुदान/सापटी सुविधा सम्बन्धी कार्यविधि २०७९ | |

## ९. खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

१. राजश्व संकलन (श्रावण देखि पौष २७ सम्म) जम्मा रु. **९७,७३०,४६९.०२**

२. श्रावण महिनाको खर्च रु. ×

३. भदौ महिनाको खर्च रु. ४,४९,३०,६५९ (३.६७ प्रतिशत)

४. असोज महिनाको खर्च रु. १२,३५,४५,२६६ (१२.५४ प्रतिशत)

५. कार्तिक महिनाको खर्च रु. ३,८९,९२,५८३ (३.१८ प्रतिशत)

६. मंसिर महिनाको खर्च रु. ८,३६,५५,५९४ (६.८३ प्रतिशत)

७. पौष महिनाको खर्च रु. ८,३६,३५,४५५ (६.८३ प्रतिशत)

## १०. कार्यालयको वेभसाइट तथा ईमेल :

यस कार्यालयको वेभसाईट www.chautaramun.gov.np रहेको छ।ईमेल ठेगाना : chautaramun@gmail.com रहेको छ ।

## ११. कार्यालयले वर्गीकरण तथा संरक्षण गरेका सूचनाको विवरण

सूचना अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी मापदण्ड, २०७७ को बुँदा नं ८ ले तोकेका सुचनाहरु संरक्षण गरिएको छ भने त्यस बाहेकका सबै सूचनाहरु खुल्ला गरेको छ ।

## १२. कार्यालयका सूचनाहरु अन्य प्रकाशन भएको वा हुने भए सोको विवरण

कार्यालयका सूचना तथा प्रगति विवरणहरु सम्बन्धित निकायमा नियमित पठाउने गरिएको छ । वार्षिक रुपमा वार्षिक प्रगति प्रतिवेदन पुस्तक प्रकाशन गरी सार्वजनिक गर्ने गरिएको छ ।

**समाप्त**